DEMOCRACY RESOURCE CENTER

COCAP

NepalMonitor.org
NEPAL MONITOR
human rights . security . nepal

# पहिलो चरण प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनको उम्मेदवार मनोनयन दर्ता अघि घटेका घटना

विश्लेषण अद्यावधि – १४

अवधि: असोज १३-कात्तिक ४, २०७४

प्रकाशित: कात्तिक ८, २०७४

पहिलो चरण प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनको प्रत्यक्षतर्फ उम्मेदवार मनोनयन अघि असोज १३ देखि कात्तिक ४ सम्म को अवधिमा निर्वाचनसम्बन्धी छ घटना घटेको रेकर्ड गरियो ।[1] छमध्ये तीन घटना प्रदेश २ मा तेश्रो चरण स्थानीय तह निर्वाचनसम्बन्धी थिए । एक घटना तलबको लागि निर्वाचन अधिकारीहरूले विरोध प्रदर्शन गरेसम्बन्धी थियो । दोश्रो घटना मतगणनामाथि विवाद र तेश्रो विजय जुलुसमा राजनीतिक दलहरूबीच झडपका थिए । अन्य तीन घटना आउँदो प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनसम्बन्धी थिए । ती मध्ये दुइटा घटना उम्मेदवार चयन र एउटा राजनीतिक दलका कार्यकर्ताहरूले मतदाताहरूलाई धम्की दिएको सम्बन्धी थिए ।

पछिल्लो रिपोर्टिङ अवधिभन्दा निर्वाचनसम्बन्धी घटनामा यस अवधिमा कमी आयो । यस अवधिमा राजनीतिक दलहरू निर्वाचनको आन्तरिक तयारी र उम्मेदवार चयनमा व्यस्त रहँदा चुनावी अभियान न्यून रहेकोले घटनामा कमी आयो ।[2] उम्मेदवार मनोनयन दर्तापछि चुनावी अभियान सुरु भएसँगै निर्वाचनसम्बन्धी घटनामा वृद्धि हुने अनुमान गरिन्छ ।

---

[1] प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन दुई चरणमा आयोजना हुने भएको छ । पहिलो चरण मङ्सिर १० मा र दोश्रो चरण मङ्सिर २१ मा हुनेछ । पहिलो चरणको प्रत्यक्ष तर्फको उम्मेदवारी दर्ता कात्तिक ५ मा सम्पन्न भयो भने दोश्रो चरणको उम्मेदवारी दर्ता कात्तिक १६ मा हुनेछ । पहिलो चरणमा उच्च पहाडी भेगका ३२ जिल्लामा निर्वाचन गरिनेछ ।

[2] नेपाल कम्युनिस्ट पार्टी - एकीकृत मार्क्सवादी लेनिनवादी (नेकपा-एमाले) र नेपाल कम्युनिस्ट पार्टी - माओवादी केन्द्र (नेकपा-माओ) बीच चुनावी तालमेलको घोषणा यस अवधिको एक प्रमुख राजनीतिक घटना रह्यो । त्यसैगरी नेपाली काँग्रेसको नेतृत्वमा अर्को चुनावी तालमेलको निर्माण भयो भने सङ्घीय समाजवादी फोरम नेपाल (ससफो) र राष्ट्रिय जनता पार्टी नेपाल (राजपा) बीच पनि चुनावी तालमेल निर्माण भयो ।

प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनको उम्मेदवार मनोनयन दर्ता अघि निर्वाचनसम्बन्धी घटनाको सङ्ख्या तीनै चरणको स्थानीय तह निर्वाचनको उम्मेदवार मनोनयन दर्ता अघिको अवधिभन्दा कम रह्यो ।[3]

घटनाहरूको विवरण

*स्थानीय तह निर्वाचनसम्बन्धी घटना*

- असोज २२ मा रौतहटको जोहवा नगरपालिकामा नेपाल लोकतान्त्रिक फोरम (नेलोफो) र नेपाली काँग्रेस कार्यकर्ताहरूबीच झडप हुँदा सातजना बालबालिकासहित २४ जना घाइते भए । नेलोफोले आफ्नो विजय जुलुसमा नेपाली काँग्रेस कार्यकर्ताहरूले आक्रमण गर्दा झडप भएको आरोप लगायो । यस घटनापछि स्थिति नियन्त्रणमा लिन प्रहरी तैनाथ गरियो ।
- असोज २२ मा रौतहटको गौरमा तेश्रो चरण स्थानीय निर्वाचनमा खटिएका ३३० जना निर्वाचन अधिकारीहरूले निर्वाचन सम्पन्न भएको दुई हप्ताभन्दा बढि भइसक्दा पनि भत्ता नपाएको विरोधमा प्रमुख निर्वाचन अधिकृतको कार्यालय अगाडि प्रदर्शन गरे । प्रदर्शनकारीहरूले कार्यालयको लेखापाललाई कब्जामा लिए पछि, प्रमुख निर्वाचन अधिकृतको कार्यालयले उनीहरूलाई भत्ता दिने सहमति गरेपछि मात्र मुक्त गरे ।
- असोज २२ मा धनुषाको नगराइन नगरपालिकामा नगरपालिका कार्यकारी समिति निर्वाचनको मतगणना भइरहेको बेला नेपाली काँग्रेसका उम्मेदवारले एउटा मतपत्र चपाउँदै क्षति पुऱ्याए । मतपत्र चपाउने नेपाली काँग्रेसका उम्मेदवारलाई पछि प्रहरीले गिरफ्तार गऱ्यो । क्षति पुऱ्याइएको मतपत्र आफ्नो उम्मेदवारको हो भन्दै नेपाल कम्युनिस्ट पार्टी - एकीकृत मार्क्सवादी लेनिनवादी (नेकपा-एमाले) ले पुनर्मतगणनाको माग गऱ्यो । अन्त्यमा मतपत्र क्षति पुऱ्याउने नेपाली काँग्रेसका उम्मेदवारलाई विजयी घोषणा गरियो ।

*प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनसम्बन्धी घटना*

- असोज २२ मा बर्दियाको गुलरिया नगरपालिकामा प्रतिनिधि सभा र प्रदेश सभाको उम्मेदवार चयनसम्बन्धी विवाद हुँदा नेपाली काँग्रेसका सांसद र भर्खरै निर्वाचित वडा अध्यक्षबीच हानाहान भयो । नेपाली काँग्रेसको गुलरिया नगरपालिका प्रमुखले भनेअनुसार वडा अध्यक्षलाई आक्रमण गरेकोले सांसदलाई पार्टीबाट निष्कासन गरेको छ । यद्यपि सांसदले सबै आरोपलाई नकारेका छन् ।
- असोज ३१ म काठमाण्डुको बबरमहलमा राष्ट्रिय जनता पार्टी नेपाल (राजपा) नेता तथा कार्यकर्ताहरूको एक समूहले पार्टी कार्यालयमा धर्ना दिए । उनीहरूले

[3] पहिलो चरण स्थानीय तह निर्वाचन अघि ५७ निर्वाचनसम्बन्धी घटना घटे । त्यसैगरी दोश्रो चरण अघि ५५ र तेश्रो चरण अघि आठ घटना भए ।

पार्टी नेतृत्वले पुराना कार्यकर्तारूको पार्टी सिद्धान्तप्रति प्रतिबद्धताको सट्टा आर्थिक लाभको लागि  नयाँ कार्यकर्तालाई उम्मेदवारी दिन थालेको आरोप लगाए ।

- असोज २३ मा नेकपा-एमालेआबद्ध आपराधिक पृष्ठभूमिका राजीव गुरुङ भन्ने दिपक मनाङेले मनाङका मतदाताहरूलाई आउँदो प्रतिनिधि सभा निर्वाचनमा उसलाई मत नदिए नराम्रो परिणाम बेहोर्नुपर्ने भन्दै धम्क्याए । नेकपा-एमालेको प्रदेश सभा समितिले गुरुङको नाम पार्टीको स्थायी समितिमा उम्मेदवारको लागि सिफारिस गरेको थियो । तर पार्टीको स्थायी समितिले गुरुङको विवादास्पद पृष्ठभूमि रहेको भन्दै उसको नामको सिफारिस अस्वीकार गऱ्यो । यद्यपि गुरुङले स्वतन्त्र रुपमा उम्मेदवारी दिने निर्णय गरे ।

****

*यो प्रतिवेदन डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डिआरसीएन) र शान्तिका लागि साझा अभियान (कोक्याप)/नेपाल मोनिटरले आउँदो निर्वाचनहरुको अवधिभर प्रकाशन गर्ने आवधिक विश्लेषण अद्यावधि शृङ्खलाको चौधौं संस्करण हो । यस परियोजनाले द एशिया फाउन्डेशन र द कार्टर सेन्टरबाट आर्थिक र प्राविधिक सहायता प्राप्त गरेको छ ।*

# स्थानीय निर्वाचनको सेरोफेरोमा घटेका घटनाहरु, असोज १३ - कार्तिक ४, २०७४

